# वागमती गाउँपालिका
# Bagmati Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
भट्टेडाँडा, ललितपुर
Bhattedanda, Lalitpur

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं./Let. No.: ०७७/०७८
च.नं./Ref. No.:

मिति/Date:

विषय/Subject:

२०७७/०७/२४

**आमा बाबु विहिन बालबालिकाको विवरण संकलन सम्बन्धी सूचना**

प्रस्तुत विषयमा आमा बुवा विहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालनका लागि निवेदन संकलन गर्नुपर्ने भएकाले तपशील बमोजिमको योग्यता भएको बालबालिका वा संरक्षकले निम्न अनुसारका कागजात सहित वडा कार्यालयमा गई मिति २०७७ मंसरि ३ गते भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**बालबालिकाको योग्यता :**

आमा र बाबु दुवैको मृत्यु भएको वा बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेको भए :

१. १८ वर्ष उमेर पुरा नगरेको,
२. ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
३. कुनै गैरकानूनी कार्यमा तथा अपराधिक कार्यमा संलग्न नभएको ।

**आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरु :**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि थान १ वा नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. बाबु र आमा दुवैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण रेखदेखबाट वञ्चितीमा परेको व्यहोरा रहेको वडा कार्यालयबाट प्रमाणित सिफारिस,
३. विद्यालयमा भर्ना भई नियमित विद्यालयमा आउने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र)
४. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान,

२०७७/०७/२४
खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना शाखा, गाउँपालिकाको website मा सूचना upload गरिदिनु होला।
२०७७/०७/२६


Email: bagmatigaupalika@gmail.com, Website:www.bagmatimunlalitpur.gov.np